# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

**नियमन विभाग**

पत्र संख्याः धि.व.सि.धि.व्य.नि.२०८३/८४ मितिः २०८३/०५/०९

चलानी नम्बरः ५०३

**श्री सिडिएससी एण्ड क्लियरिङ्ग लिमिटेड,**
**पुतलीसडक, काठमाडौं।**

**विषयः निर्देशन गरिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने उद्देश्यको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट देहायको निर्देशन जारी गरिएको छ।

१. कारोबार व्यवस्थापन प्रणाली र MeroShare बीच API Integration गरी Auto EDIS system लागू गर्ने व्यवस्थाका लागि गर्नुपर्ने आवश्यक कानूनी तथा संरचनागत सुधारसहितको अध्ययन गरी पेश गर्ने।

२. धितोपत्र कारोबारको T+2 अवधिमा ग्राहकलाई रकम उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।

३. CDSC मार्फत लगानीकर्तालाई Push Notification अन्तर्गत IPO निष्काशन Alert, IPO आवेदन, बोनस/हकप्रद शेयर निष्काशन, लाभांश वितरण, Settlement, Demat debit तथा Lock-in सम्बन्धी जानकारीको तत्काल सूचना पठाउने व्यवस्था गर्ने।

४. लगानीकर्ताका लागि NEPSE TMS मा देखिने DP Holding लाई CDSC/MeroShare को वास्तविक होल्डिङसँग स्वचालित रूपमा Reconciliation गरी BOID अनुसार संख्या, DP विवरण तथा बोनस, हकप्रद, हस्तान्तरण लगायतका Corporate Action पश्चातको होल्डिङ स्वतः अद्यावधिक हुने व्यवस्था गर्न र Mero share प्रणालीमार्फत कारोबारको Real Time Settlement Status Dashboard विकास गर्ने।

५. लगानीकर्ताहरूबाट Fraction share सम्बन्धमा प्राप्त गुनासोहरूलाई समाधान हुने गरी व्यवस्थित गर्न आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

भवदीय,

२०८३।५।९

(विनयदेव आचार्य)
कार्यकारी निर्देशक

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

बोधार्थः

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।

श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन महाशाखा।

श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री स्टक ब्रोकर एशोशिएसन अफ नेपाल, पुतलीसडक, काठमाडौं।

श्री मर्चेन्ट बैंकर एशोशिएसन अफ नेपाल, नक्साल, काठमाडौं।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल